# सानिमा मिडिल तमोर हाइड्रोपावर लिमिटेड
# (प. लि. द. नं. १४८७९६/०७२/७३)

## सातौं वार्षिक साधारण सभाको निर्णय विवरण पुस्तिका (Minute)

### (१) पृष्ठभूमि

यस सानिमा मिडिल तमोर हाइड्रोपावर लिमिटेडको सातौं वार्षिक साधारण सभा मिति २०७९ साल पौष १४ (तदनुसार डिसेम्बर २९, २०२२) बिहीबारका दिन बिहान ११:०० बजे का. म. न. पा. ४, काठमाडौं स्थित अकामा होटलमा सम्पन्न भएको थियो । वार्षिक साधारण सभाको अध्यक्षता कम्पनीको सञ्चालक समितिका सञ्चालक/अध्यक्ष श्री विनय कुमार श्रेष्ठज्यूले गर्नु भएको थियो । साधारण सभामा अध्यक्षज्यूले आफ्नो मन्तव्य सहित सञ्चालक समितिको तर्फबाट आ. व. ०७८/७९ को वार्षिक प्रतिवेदन प्रस्तुत गर्नु भएको थियो र कम्पनी व्यवस्थापनले यस कम्पनीद्वारा निर्माणाधीन ताप्लेजुङ्ग जिल्लामा अवस्थित ७३ मे.वा. जडित क्षमताको मध्य तमोर जलविद्युत आयोजना निर्माणका सम्बन्धमा हालसम्म भए गरिएका प्रगति र कम्पनीको आर्थिक तथा वित्तीय अवस्थाका सम्बन्धमा पावरप्वाईन्टका माध्यमबाट प्रस्तुतिकरण गरेको थियो । तत्पश्चात साधारण सभामा पेश गरिएका निर्धारित प्रस्ताव उपर छलफल गरी सबै प्रस्तावहरू सर्वसम्मतिले पारित गरियो । साधारण सभा बिहान ११:०० बजेबाट शुरू भई निर्धारित विषयसूची अनुसार छलफल तथा निर्णय गरी दिनको १:०० बजे समापन भएको थियो ।

### (२) सभा सम्बन्धि सूचना

यस कम्पनीको सञ्चालक समितिको मिति २०७९ साल मंसिर १५ (तदनुसार ०१ डिसेम्बर, २०२२) गते बसेको बैठकको निर्णयानुसार आयोजित कम्पनीको यस सातौं वार्षिक साधारण सभाको जानकारीका लागि कम्पनीको नियमावली बमोजिम कम्पनीका शेयरधनीहरूलाई कम्पनीमा उपलब्ध उहाँहरूको ठेगाना तथा विद्युतीय माध्यम (Email) बाट सभा हुने स्थान, मिति र छलफल गर्ने विषयको जानकारी प्रदान गर्न सूचना पठाइएको थियो । साथै, सोही बमोजिमको सार्वजनिक सुचना मिति २०७९ मंसिर १७ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिकमा प्रथम पटक र २०७९ मंसिर १८ गतेको कारोबार राष्ट्रिय दैनिक पत्रिकामा दोस्रो पटक प्रकाशित गरिएको थियो ।

### (३) उपस्थिति :

### (अ) सञ्चालकहरूको उपस्थिति

| | |
|---|---|
| श्री विनय कुमार श्रेष्ठ<br>(प्रतिनिधि सानिमा हाइड्रोपावर लि.) | सञ्चालक/अध्यक्ष |
| श्री अपार न्यौपाने | सञ्चालक |
| श्रीमती उषा खतिवडा<br>(प्रतिनिधि एन.आर.एन. इन्फ्रास्टक्चर एण्ड डेभलपमेन्ट लि.) | सञ्चालक |
| श्री शिव कुमार बस्नेत<br>(प्रतिनिधि सानिमा माई हाइड्रोपावर लि.) | सञ्चालक |
| श्री ब्रज भूषण चौधरी | स्वतन्त्र-सञ्चालक |

Sanima Middle Tamor Hydropower Limited SMTHPL KATHMANDU

## (आ) कम्पनीका पदाधिकारीको उपस्थिति

डा. श्री जुगल भूर्तेल — प्रमुख कार्यकारी अधिकृत

श्री विनोद तिवारी — कम्पनी सचिव

श्री सुवास श्रेष्ठ — वित्त प्रमुख

## (४) गणपूरक संख्या तथा शेयर संख्याको प्रतिनिधित्व

| विवरण | कुल संख्या | स्वयम् उपस्थिति | प्रतिनिधि | जम्मा | उपस्थितिको प्रतिशत |
|---|---|---|---|---|---|
| शेयरधनी संख्या | १८२ | ५३ | ४८ | १०१ | ५५.५० |
| कम्पनीको शेयर संख्या | २,३३,२७,५०० | १,३७,९८,२६८ | ३१,२२,९९० | १,७३,१०,७४६ | ७२.५४ |

## (५) सभाको वैधानिकता

कम्पनी सचिवले प्रचलित कम्पनी ऐन तथा कम्पनीको नियमावली बमोजिम साधारण सभा सञ्चालन गर्नका लागि निर्दिष्ट गणपूरक संख्या पुगेको जानकारी गराउँदै सभा प्रारम्भ गर्न अनुमति माग्नुभयो । शेयरधनीहरूको सभाद्वारा कम्पनीको वार्षिक साधारण सभाका लागि गणपूरक संख्या पुगेको र सभा रीतपूर्वक बोलाइएको ठहर गरी विधिवत रूपमा साधारण सभाको कामकारवाही अगाडि बढाउने निर्णय गरियो ।

## (६) छलफलका प्रस्तावहरू

### (क) साधारण प्रस्तावहरूः

१. सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल तथा निर्णय पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित २०७९ साल आषाढ मसान्त सम्मको वासलात, आ.व. २०७८/७९ को नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र सोही अवधिको वार्षिक वित्तीय विवरणसँग सम्बद्ध अनुसूचिहरू समेत छलफल गरी पारित गर्ने ।

३. लेखापरीक्षण समितिले सिफारिस गरे बमोजिम आ. व. २०७९/०८० को लागि लेखापरीक्षकको नियुक्ती र पारिश्रमिक निर्धारण गर्ने ।

४. सञ्चालक नियुक्ति सम्बन्धी सञ्चालक समितिको निर्णय अनुमोदन गर्ने ।

५. सञ्चालक समिति तथा अन्य उप-समितिको बैठक भत्ता वृद्धि गर्ने ।

### (ख) विशेष प्रस्तावहरूः

१. कम्पनीको उद्देश्य परिमार्जन, पूँजीगत संरचना र सञ्चालक समितिको संरचनामा परिवर्तन गर्नका लागि कम्पनीको प्रबन्धपत्रको दफा ४ को उपदफा (१) को (क), दफा ६ को (घ) र (च) तथा दफा ८ को (क) तथा नियमावलीको नियम ३१ को (१) मा संशोधन गर्ने ।

SMTHPL
Sanima Middle Tamor Hydropower Limited
KATHMANDU

२. प्रबन्धपत्रको दफा तथा नियमावलीको नियम संशोधन अभिलेखका सम्बन्धमा कम्पनीको तर्फबाट गर्नु पर्ने अवश्यक कार्यहरू गर्न तथा यस सम्बन्धमा सम्बन्धित निकायको निर्देशन बमोजिम फेरबदल वा अन्य आवश्यक कार्यहरू गर्न गराउनका लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

(ग) विविध

## (७) सभाको सञ्चालन तथा प्रतिवेदनको प्रस्तुति

कम्पनी सचिवले निर्धारित विषयसूची अनुसार साधारण सभाको कार्यक्रम सञ्चालन गर्न अनुमति लिई अध्यक्षज्यूलाई मन्तव्य सहित सञ्चालक समितिको वार्षिक प्रतिवेदन सभा समक्ष प्रस्तुत गर्न अनुरोध गर्नु भयो ।

कम्पनीको वार्षिक प्रतिवेदन पेश भए पश्चात यस कम्पनीद्वारा निर्माणाधीन मध्य तमोर जलविद्युत आयोजना (७३ मे. वा.) को हालसम्मको निर्माण प्रगति र कम्पनीको आर्थिक तथा वित्तीय अवस्थाका सम्बन्धमा शेयरधनीहरूको जानकारीका लागि कम्पनी व्यवस्थापनद्वारा पावर प्वाइन्टको माध्यमबाट प्रस्तुतिकरण गरियो । उक्त प्रस्तुतिकरण मार्फत हालसम्म आयोजनाको भौतिक प्रगति करिब ७७ प्रतिशत सम्पन्न भएको व्यहोरा सभामा जानकारी गराईयो ।

## (८) छलफल तथा निर्णयहरू :

कम्पनीको यस सातौं वार्षिक साधारण सभामा पेश गरिएका प्रस्ताव उपर निम्नानुसार छलफल भई सभाको सर्वसम्मतिबाट सबै प्रस्तावहरू पारित गरियो ।

(क) साधारण प्रस्तावहरू:

**१. सातौं वार्षिक साधारण सभाको लागि सञ्चालक समितिको वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने ।**

प्रस्ताव नं. १ का सम्बन्धमा छलफल हुँदा, सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा आ. व. ०७८/७९ को वार्षिक प्रतिवेदन तथा सो सम्बन्धि प्रस्ताव वार्षिक साधारण सभामा प्रस्तुत गर्नु भयो । उक्त प्रस्तावलाई सभाद्वारा सर्वसम्मतिले पारित गरियो ।

**२. लेखापरीक्षकको प्रतिवेदन सहित २०७९ आषाढ मसान्त सम्मको वासलात, आ. व. २०७८/७९ को नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र सोही अवधिको वार्षिक वित्तीय विवरणसँग सम्बद्ध अनुसूचीहरू समेत छलफल गरी पारित गर्ने ।**

प्रस्ताव नं. २ का सम्बन्धमा छलफल हुँदा, कम्पनीको २०७९ साल आषाढ मसान्तसम्मको वासलात, वार्षिक नाफा नोक्सानको हिसाब र नगद प्रवाहको विवरणका साथै आ. व. ०७८/७९ को लेखापरीक्षकको प्रतिवेदन साधारण सभाको विषय सूचीसँगै शेयरधनीहरूलाई उपलब्ध गराइएको थियो । उक्त वासलात तथा नाफा नोक्सान हिसाब सहितको आ. व. ०७८/७९ को वार्षिक आर्थिक विवरण तथा तत् सम्बन्धी अनुसूचीहरू स्वीकृतिको लागि सभा समक्ष प्रस्ताव गरिएकोमा सभाको सर्वसम्मतिबाट उक्त आर्थिक प्रतिवेदनहरू पारित गरियो ।

विनोदप्रतिवादी:

Sanima Middle Tamor Hydropower Limited SMTHPL KATHMANDU

Biraj

३. **लेखापरीक्षण समितिले सिफारीश गरे बमोजिम आ. व. २०७९/०८० को लागि लेखापरीक्षकको नियुक्ती गर्ने तथा पारिश्रमिक निर्धारण गर्ने ।**

प्रस्ताव नं. ३ का सम्बन्धमा छलफल हुँदा, यस कम्पनीको आ. व. ०७९/८० को हिसाब किताब लेखापरीक्षण गर्नका लागि लेखापरीक्षक संस्था **S.A.R. Associates, Chartered Accountants** नियुक्तिका लागि योग्य रहेको हुँदा लेखापरीक्षण समितिको सिफारिश बमोजिम उक्त लेखापरीक्षक संस्थालाई नियुक्त गर्ने र लेखापरीक्षण बापतको पारिश्रमिक मूल्य अभिवृद्धि कर बाहेक रू. १,१०,०००/- (अक्षरेपी एक लाख दश हजार रूपैंया मात्र) निर्धारण गर्ने सर्वसम्मत निर्णय गरियो ।

४. **सञ्चालक नियुक्ति सम्बन्धी सञ्चालक समितिको निर्णय अनुमोदन गर्ने ।**

प्रस्ताव नं. ४ का सम्बन्धमा छलफल हुँदा, यस कम्पनीको पाँचौ वार्षिक साधारण सभाबाट सञ्चालक पदमा नियुक्त हुनु भएका शेयरधनी डा. सुवर्ण दास श्रेष्ठज्यूले दिनु भएको राजिनामालाई स्वीकृत गरी रिक्त हुन आएको कम्पनीको सञ्चालक पदमा मिति २०७९।०५।०८ को सञ्चालक समितिको बैठकबाट शेयरधनी संस्था श्री सानिमा माई हाइड्रोपावर लि. को आधिकारिक प्रतिनिधि जिल्ला स्याङ्जा दहथुम वडा नं. ६ घर भई हाल का.म.न.पा. वडा नं. ०३, काठमाडौं बस्ने श्री शिव कुमार बस्नेतज्यूलाई कम्पनी ऐन, २०६३ तथा कम्पनीको नियमावली बमोजिम बाँकी कार्यकालका लागि नियुक्त गरेको कार्यलाई सभाको सर्वसम्मतिबाट अनुमोदन गरियो ।

५. **सञ्चालक समिति तथा अन्य उप समितिको बैठक भत्ता वृद्धि गर्ने ।**

प्रस्ताव नं. ५ का सम्बन्धमा छलफल हुँदा, यस कम्पनीको सञ्चालक समिति तथा अन्य उप-समितिको बैठक भत्तामा समय सापेक्ष रूपमा वृद्धि गर्नु पर्ने भएकोले हाल कायम बैठक भत्ता प्रति सञ्चालक प्रति बैठक रू ५०००/- बाट वृद्धि गरी सञ्चालक समितिको प्रति बैठक प्रति सञ्चालक सदस्य रू. १०,०००/- (अक्षरेपी दश हजार मात्र) र सञ्चालक/अध्यक्षका हकमा प्रति बैठक रू. १२,०००/- (अक्षरेपी बाह्र हजार मात्र) गर्ने साथै सञ्चालक समितिद्वारा गठित उपसमितिका सदस्य सञ्चालकहरूलाई प्रति सञ्चालक प्रति उपसमिति बैठक रू. १०,०००/-(अक्षरेपी दश हजार मात्र) का दरले बैठक भत्ता उपलब्ध गराउने प्रस्ताव सभाको सर्वसम्मतिले पारित गरियो ।

**(ख) विशेष प्रस्तावहरूः**

१. **कम्पनीको उद्देश्य परिमार्जन, पूँजीगत संरचना र सञ्चालक समितिको संरचनामा परिवर्तन गर्नका लागि कम्पनीको प्रबन्धपत्रको दफा ४ को उपदफा (१) को (क), दफा ६ को (घ) र (च) तथा दफा ८ को (क) तथा नियमावलीको नियम ३१ को (१) मा संशोधन गर्ने ।**

प्रस्ताव नं. १ का सम्बन्धमा छलफल हुँदा, कम्पनीको निर्माणधिन मध्य तमोर जलविद्युत आयोजनाको जडित क्षमता साविकको ५४ मे.वा. बाट वृद्धि भई हाल ७३ मे.वा. कायम भएको हुँदा, सोही बमोजिम कम्पनीको उद्देश्य संशोधन गर्न तथा शेयरको सार्वजनिक निष्काशन प्रयोजनका लागि शेयरधनीको समूह विभाजन र सोही अनुरूप सञ्चालक समितिको संरचनामा परिवर्तन गर्न कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा निम्नानुसार संशोधन गर्ने प्रस्ताव सभाको सर्वसम्मतिले पारित गरियो ।

विनोद तिवारी

Sanima Middle Tamor Hydropower Limited
SMTHPL
KATHMANDU

## तपसिल

(अ) प्रबन्धपत्रको दफा ४ को उपदफा (१) को (क), दफा ६ को (घ) र (च) तथा दफा ८ को (क) को सट्टा देहायका दफा ४ को उपदफा (१) को (क), दफा ६ को (घ) र (च) तथा दफा ८ को (क) कायम गर्ने :

**४(१) को (क)** यस कम्पनीको नाममा अनुमतिपत्र प्राप्त ताप्लेजुङ्ग जिल्ला स्थित ७३.० मे.वा.जडित क्षमताको मध्य तमोर जलविद्युत आयोजनाको विकास, निर्माण तथा सञ्चालन गर्ने, गराउने ।

**६(घ)** दफा ६ को (ख) अनुसारको कम्पनीको जारी पूँजीको २५ प्रतिशत शेयर सर्वसाधारणको लागि छुट्याईएको छ । जसमध्ये १५ प्रतिशत सर्वसाधारणलाई र १० प्रतिशत आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरूलाई बाँडफाँड गर्न सकिनेछ । त्यसै गरी जारी पूँजीको ५ प्रतिशत शेयर कम्पनी/आयोजनाका कर्मचारीहरूलाई छुट्याईएको छ ।

तर यस दफा बमोजिम आयोजना प्रभावित क्षेत्रका वासिन्दाहरूलाई छुट्याइएको सम्पूर्ण शेयर विक्री नभई बाँकी हुन आएमा, उक्त बाँकी हुन आएजति शेयर पनि सर्वसाधारणलाई बिक्री गरिने छ ।

**६(च)** सर्वसाधारण र आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरूलाई बिक्री गरिने शेयर खरिद गर्ने शेयरधनीहरूलाई सर्वसाधारण अन्तर्गत समुह "ख" मा वर्गीकरण गरिएको छ र यो समुहको शेयर स्वामित्व जम्मा २५ प्रतिशत हुनेछ । कम्पनी/आयोजनाका कर्मचारीहरूका लागि जारी गरिने शेयर खरिद गर्ने शेयरधनीहरूलाई समूह "ग" मा वर्गीकरण गरिएको छ र यो समुहको शेयर स्वामित्व ५ प्रतिशत हुनेछ ।

**८(क)** कम्पनीको जारी पुंजीको १५ प्रतिशत शेयर सर्वसाधारणलाई, १० प्रतिशत आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरूलाई र ५ प्रतिशत कम्पनीका कर्मचारीहरूलाई विक्री तथा बाँडफाँड गर्न सकिनेछ ।

(आ) नियमावलीको नियम ३१ को (१) को सट्टा देहाय ३१ को (१) कायम गर्ने :

**३१(१)** यस कम्पनीमा ७ (सात) जनाको सञ्चालक समिति हुनेछ । जसमा संस्थापक समुहका शेयरधनीहरूको समुह "क" को तर्फबाट मनोनित प्रक्रिया वा आपसी सम्झौता वा निर्वाचनको प्रक्रियाद्वारा ४ (चार) जना सञ्चालक तथा शेयरधनीहरूको समुह "ख" र "ग" को तर्फबाट मनोनित वा निर्वाचित २(दुई) जना र १ (एक) जना स्वतन्त्र सञ्चालक नियुक्ति भई सञ्चालक समितिमा प्रतिनिधित्व गर्नेछन् ।

Sanima Middle Tamor Hydropower Limited
SMTHPL
KATHMANDU

२. **प्रबन्धपत्रको दफा तथा नियमावलीको नियम संशोधन अभिलेखका सम्बन्धमा कम्पनीको तर्फबाट गर्नु पर्ने अवश्यक कार्यहरू गर्न तथा यस सम्बन्धमा सम्बन्धित निकायको निर्देशन बमोजिम फेरबदल वा अन्य आवश्यक कार्यहरू गर्न गराउनका लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।**

प्रस्ताव नं. २ का सम्बन्धमा छलफल हुँदा, कम्पनीको प्रबन्धपत्रको दफा तथा नियमावलीको नियममा भएको संशोधन अभिलेखका सम्बन्धमा कम्पनीको तर्फबाट गर्नु पर्ने अवश्यक कार्यहरू गर्न तथा यस सम्बन्धमा सम्बन्धित निकायको निर्देशन बमोजिम फेरबदल वा अन्य आवश्यक कार्यहरू गर्न गराउनका लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्तावलाई यसै सभाको सर्वसम्मतिबाट पारित गरियो ।

(९) साधारण सभाको निर्धारित विषयसूची अनुसार छलफल तथा निर्णयहरू भएको हुँदा कम्पनी सचिवले सभा अध्यक्षज्यूलाई यस वार्षिक साधारण सभा अन्त्य भएको घोषणा गर्दै सभा विर्सजन गर्नको लागि अनुरोध गर्नु भयो ।

## (१०) धन्यवाद र सभा विसर्जन

सभा अध्यक्षज्यूले यस कम्पनीको सातौं वार्षिक साधारण सभामा सहभागी भई सभालाई सुचारू रूपमा सम्पन्न गर्न, गराउन सहयोग पुर्‍याउनु भएकोमा सम्पूर्ण शेयरधनीहरू, सञ्चालक समितिका सहकर्मी सदस्यहरू, व्यवस्थापन तथा कर्मचारीहरू र कम्पनीको प्रगतिमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सहयोग गर्ने अन्य सम्बद्ध सबैलाई धन्यवाद ज्ञापन गर्नुभयो ।

अध्यक्षज्यूले शेयरधनीहरूले सञ्चालक समितिप्रति देखाएको विश्वास र सद्भावको निमित्त कृतज्ञता ज्ञापन गर्नु भयो र यस सातौं वार्षिक साधारण सभा विसर्जन भएको घोषणा गर्नु भयो ।

| | | |
|---|---|---|
| ............................ | Sanima Middle Tamor Hydropower Limited SMTHPL KATHMANDU | बिनोद तिवारी. ............................ |
| श्री विनय कुमार श्रेष्ठ | | बिनोद तिवारी |
| सञ्चालक/अध्यक्ष | | कम्पनी सचिव |